# गलेश्वरमा शतबीज छर्नुका साथै दीप प्रज्ज्वलन

प्रताप बानियाँ, म्याग्दी

बालाचतुर्दशी पर्वमा गलेश्वरधाम शिवालयमा यस वर्ष करिब ३० हजार भक्तजनले शतबीज (शतबीउ) छर्नुका साथै पूजाअर्चना गरेका छन्। भक्तजनबाट मंगलबार रातभर जाग्राम बसेर बुधबार बिहान सबेरै कालीगण्डकीमा स्नान गरी पितृ उद्धार तथा शिवलोक प्राप्त गर्ने जनविश्वासका साथ शतबीज छरिएको हो।

बुधबार बिहानैदेखि गलेश्वर पुगेका भक्तजनले कालीगण्डकी नदीको किनारदेखि मन्दिर परिसरसम्म बतबीज छर्ने र दर्शन तथा पूजाआजा गरेका हुन्। म्याग्दीसहित देशका विभिन्न ठाउँहरूबाट गलेश्वरको दर्शन गर्न पुगेका भक्तजनले प्रवित्र कालीगण्डकी नदीको किनारमा पूजाअर्चना र दीप प्रज्ज्वलन गर्नुका साथै नदीमाथि तोरण समेत तारेका छन्। विगतका वर्षहरूमा जस्तै यस वर्षको बालाचतुर्दशी पर्वमा पनि गण्डकी प्रदेशसहित रूपन्देही, नवलपरासी, काठमाडौं, झापा, मोरङ, कञ्चनपुरलगायत जिल्लाहरूबाट समेत भक्तजनहरू आएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ।

बेनी नगरपालिका-९ मा अवस्थित प्रसिद्ध धार्मिक तीर्थस्थल गलेश्वरधाम शिवालयमा श्रद्धालु, भक्तजनको बिहानैदेखि घुइँचो लागेको थियो। भक्तजनहरू आषना दिवंगत पितृहरूको सम्झनामा दीप प्रज्ज्वलन गरी शतबीज छरेर फर्किएका थिए। यस वर्ष करिब ३० हजार भक्तजनहरूले मन्दिरको दर्शन गरेको गलेश्वर शिवालय क्षेत्र विकास कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले बताउनुभयो। आषनो परिवारभित्र दिवंगत पितृहरूमा आत्माको चिरशान्तिको कामनासहित १ सय ८ शिवलिंगका साथै प्रवेशद्वारबाटै शतबीज छर्दै मन्दिरभित्र विभिन्न ठाउँमा पूजाआजा गर्ने गरिन्छ।

मूल मन्दिरदेखि गेटसम्म लाइनमा बसेका भक्तजनलाई व्यवस्थित गर्न प्रहरी तथा स्वयंसेवक परिचालन गरिएको थियो। बालाचतुर्दशी पर्वमा गलेश्वरको दर्शन र शतबीज छर्ने भक्तजनहरूको सहज पूजाआजाका लागि विभिन्न २४ वटा उपसमिति गठन गरी व्यवस्थापन मिलाइएको गलेश्वर शिवालय क्षेत्र विकास कोषका सदस्य-सचिव सम्मरबहादुर थापाले जानकारी दिनुभयो।

भगवान् शिव मृगरूप लिएर घुमेको पुण्य क्षेत्रमा एक गेडा बीउ छर्दा एक गेडा सुन दान गरे बराबरको पुण्य मिल्ने र दिवंगत आत्माले पनि मुक्ति पाउने विश्वास गर्ने गरिएकोमा त्यसमध्ये एक गलेश्वर समेत भएकाले पनि भक्तजनहरूको चाप बढ्दै गएको छ।

शतबीजमा कोदोबाहेक धान, गहुँ, मकै, जौ, केरा, सुन्तला लगायतका अन्न, वनस्पति तथा फलफूलहरू छर्ने गरिन्छ। विभिन्न सयथरी बीउहरू मिसाएर छर्ने भएकाले सतबीउ नामकरण गरिएको

छरेको शतबीजबाट उम्रिएको अन्न दिवंगतको आत्माले खान पाउने र कहिल्यै भोको बस्नु नपर्ने विश्वास रहेकाले आफन्त नहुनेहरूले जीवनकालमै शतबीज छर्ने गर्दछन्। हरेक वर्ष मंसिर कृष्ण चतुर्दशीमा

सतीदेवीको गलापतन भएको मानिने म्याग्दीको गलेश्वरमा शतबीउ छर्नका लागि हजारौं भक्तजन आउने गर्दछन्। पवित्र कालीगण्डकी नदी किनारबाट ९ रोपनी क्षेत्रफलमा फैलिएको एउटै चट्टानमाथि अवस्थित



किम्वदन्ति रहेको छ। भगवान् शिवजीका विभिन्न ८८ वटा अवतारमध्ये बाल अवतारलाई सम्झिएर बालाचतुर्दशी पर्वमा शतबीज छर्ने प्रचलन परापूर्वकालदेखि नै चलीआएको पाइन्छ।

बिहान सबेरैदेखि जौ, धान, कालो तिल, गहुँ, तोरी, मास, सानो केराउ, लावा र मुला, ज्यामिर, सखरखण्ड, पिँडालु र हलेदोका टुक्रा छर्दै पाशुपत क्षेत्रमा देवीदेवताको मन्दिर परिक्रमा गरिन्छ।

गलेश्वरलाई विश्वकै अलौकिक धार्मिक तीर्थस्थल मानिन्छ।

पछिल्लो समय गलेश्वर मन्दिरमा कालीगण्डकी नदीको जलले ११ वटा गौमुखी धारामा नुहाउने व्यवस्था भएपछि भक्तजनलाई धेरै सहज भएको छ।


**मानेभन्ज्याङ गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**मानेभन्ज्याङ, ओखलढुङ्गा**
**कोशी प्रदेश, नेपाल**

**ठेक्का आव्हान सम्बन्धि सूचना**

प्रकाशित मिति २०८२/०८/०४

आ.व. २०८२/०८३ को लागि ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरूबाट आवश्यक कागजात संलग्न गरी पेश गर्नुहुन सम्बन्धित सबैमा यो सूचना प्रकाशन गरिएको छ ।

| आय ठेक्का नं. | ठेक्काको विवरण | न्यूनतम कबोल अंक (मु. अ. कर सहित) | फारम दस्तुर ने.रू. | ठेक्का खोल्ने मिति | प्रकाशित पटक |
|---|---|---|---|---|---|
| MRM/NCB/MP/05/082-83 | Medicine Procurement (Aadharbhut Tatha Aakashmik Swasthya Sewako Lagi Aushadhi Kharid- Supply and Delivery)-082-83 | २५६९९०२।५० | ३०००।०० | २०८२/०९/०६ | प्रथम पटक |
| MRM/NCB/SUNKOSHI/CE-SGS/03/082/83 | Extraction, Collection and Selling of Stone, Gravel and Sand From Sunkoshi River Area (Piple, Bhadare Khola Dobhan, Piple And Majhigau Jholunge Pul Dhekhi Uppalo Tat Area) Of Manebhanjyang Rural Municipality Okhaldhunga | ११७३५६७५।७४ | ३०००।०० | २०८२/०८/११ | तेस्रो पटक |
| MRM/NCB/DUDHKOSHI/CE-SGS/04/082/83 | Extraction, Collection and selling of Stone, Gravel and Sand From Dudhkoshi River area (Molibesi Khola Ghumaune-1, 2 and 3, Romdu Khola Dhobhan) Of Manebhanjyang Rural Municipality Okhaldhunga | ४८६२८४९।०६ | ३०००।०० | २०८२/०८/११ | |

यस सम्बन्धी विस्तृत जानकारीको लागि यस कार्यालयको वेबसाइट **www.bolpatra.gov.np, www.manebhanjyangmun.gov.np** बाट हेर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



**Samriddhi Finance** Partnership for Prosperity
**समृद्धि फाइनान्स कम्पनी लिमिटेड**
**Samriddhi Finance Company Limited**
नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्र प्राप्त संस्था
**मुख्य कार्यालयः** हेटौंडा, मकवानपुर, फोन नं.: ०५७-५२५१००, ०५७-५२३२२९
**इमेलः** info@sfcl.com.np, **वेबसाइटः** www.sfcl.com.np

**समृद्धि फाइनान्स कम्पनी लिमिटेडको नाममा रहेको गैह्र बैकिङ सम्पत्ति लिलाम बिक्रिका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको ७ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२/०८/०४**

यस वित्तीय संस्थाको स्वामित्वमा रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्र मार्फत लिलाम बिक्री गरिने भएको हुदाँ ईच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्यमा खरिद गरिलिने हो सोही मूल्य खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्न हुन आव्हान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थामा ८ औं दिन वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३ (तीन) बजे खोलिने हुँदा उक्त दिन सम्बन्धीत बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धीत निकायको प्रतिनिधिहरुलाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धीत बोलपत्रदाता र आधिकारिक प्रतिनिधिहरु को अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्न छैन। लिलामी बिक्री कारबाही प्रक्रिया यस वित्तिय संस्थाको कर्जा नीति अनुसार अगाडि बढाइनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणीहरुले सम्पूर्ण बाँकी बक्यौता कर्जा तथा अन्य दै दस्तुर कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ।

**तपसिल**

| क्र.स | जिल्ला | म.न.पा/न.पा/गा.पा | वडा नं. | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | झापा | मेचीनगर | ६ | २५८८ | ०-०-४-० (बि.क.धु) | घर जग्गा |
| २ | झापा | मेचीनगर | ९ | १४९४, ९८५, १४९५ | ०-०-०.७५-०, ०-०-३.५-०, ०-०-१.७५-० (बि.क.धु) | घर जग्गा |
| ३ | झापा | दमक | ४ | २५५०, १६१३ | ७५०, २०२६.८२ (व.मि) | जग्गा |
| ४ | झापा | मेचीनगर | ९ | २५६४ | ०-३-१०.५-०(बि.क.धु) | जग्गा |
| ५ | मोरङ | सुन्दरहरैंचा | ७ | ३८३५ | ०-३-७-०(बि.क.धु) | जग्गा |
| ६ | महोत्तरी | ५ नं.बहादुरगंज | ५ | ८१ | १-४-१६-० (बिघा) | जग्गा |
| ७ | मकवानपुर | रक्सिराङ्ग | १ | २३५ | ०-१६-११-० (बि.क.धु) | जग्गा |
| ८ | ललितपुर | सैबु | ४ | ६७४ | ०-३-३-३ (रोपनी) | घर जग्गा |
| ९ | ललितपुर | बुङ्गमती | ९ | १५ | ३-१४-३-० (रोपनी) | जग्गा |
| १० | तनहुँ | भिमाद | ३ | १२७ | ३०-०-०-० (रोपनी) | जग्गा |
| ११ | तनहुँ | शुक्लागण्डकी | ७ | ४०७ | ०-७-०-३ (रो.आ.पै.दा) | जग्गा |
| १२ | कास्की | पोखरा | ३२ | ७५० | ०-१०-०-० (रोपनी) | जग्गा |
| १३ | पर्वत | पिपलटारी | २ | २३, २६, २७ | ३-७-३-२, ०-१-१-३, ०-५-०-३ (रोपनी) | जग्गा |
| १४ | मकवानपुर | मनहरी | ८ | ४७० | ०-३-१५-० (बि.क.धु) | जग्गा |
| १५ | मकवानपुर | मनहरी | ८ | १६१२ | ३३८.६३ (व.मि) | घर जग्गा |

**लिलाम बोलपत्र सम्बन्धी शर्तहरुः**

१. लिलाम बोलपत्र आवेदन फाराम यस संस्थाको शाखा कार्यालय बाट रु. १,०००।०० (रु. एक हजार मात्र) तिरि (पछि फिर्ता नहुने गरि) प्राप्त गर्न सकिनेछ। फोटोकपि गरिएको फारम मान्य हुने छैन।
२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निर्णय अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पत्ति लिलाम बिक्री हुन नसकेमा उक्त सम्पत्तिको स्वामित्व वित्तिय संस्थाले लिन सक्नेछ।
३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन (सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको शाखा कार्यालयमा कार्यालय समयभित्र प्राप्त भई सक्नुपर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको शाखा कार्यालयमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगत्तै कार्यालय खुलेको दिन खोलिनेछ।
४. माथि उल्लेखित सम्पत्ति निरीक्षण गर्न चाहेमा वा कुनै कुरा बुझ्नु परेमा लिलाम बोलपत्र पेश गर्न अगावै समृद्धि फाइनान्सको शाखा कार्यालय स्थित वा कर्जा असूलि विभागमा सम्पर्क राखि निरिक्षण गर्न सकिनेछ।
५. बोलपत्रमा आफूले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा सकार गरी लिन चाहेको हो अंक र अक्षरमा स्पष्ट रुपमा लेखि आफूले कबोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम समेत जम्मा गरेको भौचर शिलबन्दी बोलपत्र भित्र संलग्न राखी पेश गर्नु पर्नेछ। यस्तो धरौटी रकममा ब्याज उपलब्ध गराइने छैन।
६. म्याद नाघी वा रित नपुगी आएको तथा शर्त सहितको बोलपत्र उपर कुनै कारवाही गरिने छैन।
७. बोलपत्र स्वीकृत भएको जानकारी पाई सम्झौता गरेको मितिले १५ दिन भित्र बोलपत्रदाताले आफूले कबोल गरेको सम्पूर्ण रकम नगद जम्मा भुक्तानी गर्नु पर्नेछ।
८. अन्य शर्तहरु लिलाम बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछन् र ती शर्त बन्देजहरु यसै सूचनाको अभिन्न अंग मानिनेछ।

**लिलाम बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८२/०८/१० दिनको ३:०० बजे।**
**लिलाम शिलबन्दी बोलपत्र खेलिने मिति : २०८२/०८/११ दिनको ३:०० बजे।**
**बोलपत्र खोलिने स्थान : संस्थाको शाखा कार्यालय।**
**सम्पर्क फोन नं.: ०१-५३१८८३८, ०१-५३१२०९९**



**Bagmati Proviencial Government**
**Ministry of Water Supply, Energy and Irrigation**
**Water Supply and Sanitation Division No. 6,**
**Nuwakot**

**Invitation for Bid (IFB)**

**Date of publication: 20th Nov 2025 (Mangshir 4, 2082)**

Water Supply and Sanitation Division No.6, Nuwakot, Nepal invites only electronic bids from qualified/elgigible Bidders for the Supply of entire Works and Supply of Following Water Supply Project's of Nuwakot and Rasuwa Districts under National Competitive Bidding; Single Stage, Single invelope Bidding Procedures. A complete set of Bidding Documents can be downloaded from PPMO's website :www.bolpatra.gov.np/egp.

| S. No | District | Contract / IFB No | Name of work/Project | Bid Security Amount NRS | Bid Fee. (Nrs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Nuwakot | SQ1/082/083 Nuwakot | Construction of Suryagadhi Lift WSP Suryagadhi 5, Nuwakot | 50000.00 | 1000.0 | Sealed Quotation |
| 2 | Nuwakot | SQ2/082/083 Nuwakot | Construction of Majhigaon WSP Belkotgadhi 5, Nuwakot | 50000.00 | 1000.0 | Sealed Quotation |
| 3 | Nuwakot | SQ3/082/083 Nuwakot | Construction of Kot Gharedi Manirajmod Lohanithok WSP Belkotgadhi 13, Nuwakot | 50000.00 | 1000.0 | Sealed Quotation |
| 4 | Nuwakot | SQ4/082/083 Nuwakot | Construction of Arabchet WSP Myagang 5, Nuwakot | 50000.00 | 1000.0 | Sealed Quotation |
| 5 | Rasuwa | SQ5/082/083 Nuwakot | Construction of Rong Rong Kharka Muhan gari Tilomane Yarsa WSP Naukunda 2, Rasuwa | 50000.00 | 1000.0 | Sealed Quotation |
| 6 | Nuwakot | SQ6/082/083 Nuwakot | Supply and Delivery of HDPE Pipe for Various Water Supply Project, Nuwakot | 50000.00 | 1000.0 | Sealed Quotation |

**Division Chief**



**अनुसूची-१० (दफा ९ को उपदफा (२) सँग सम्बन्धित)**
**नेपाल सरकार**
**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय**
**आयुर्वेद चिकित्सालय, नरदेवी**
**काठमाण्डौ**

**सम्पत्ति तथा मालसामानको लिलामा बिक्रि सम्बन्धी बोलपत्र आह्वानको सूचना ।**

**सूचना नं. ३**
**पुन प्रकाशित मितिः २०८२/०८/०४**

यस चिकित्सालयमा रहेका प्रयोगमा आउन नसक्ने सम्पत्ति तथा जिन्सी मालसामानहरु बोलपत्रको माध्यमद्वारा लिलाम बिक्रि गर्नको लागी मिति २०८२/०८/०३ गते दिनको १:०० बजेसम्म यस कार्यालयमा दर्ता गराउनको लागि मिति २०८२/०७/१८ गते (संशोधित प्रकाशित मिति २०८२/०७/२४) गते सूचना आह्वान गरिएकोमा दर्ता हुन आएका बोलपत्रहरु सातभुत रुपमा प्रभावकारी नभएको हुँदा आर्थिक कार्य विधि तथा वित्तिय उत्तरदायित्व नियमावलि, २०७७ को नियम १०८ को उप-नियम ६ को व्यवस्था बमोजिम हुने गरी बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८२/०८/११ गते दिनको १२:०० बजेसम्म र बोलपत्र खुल्ने समय मिति २०८२/०८/११ गते दिनको २:०० बजे हुने गरी यो सूचना प्रकाशित गरिएको छ।

**अस्पताल प्रशासन**



पुल सेक्टर काठमाडौं, विशालनगर, काठमाडौं

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मितिः २०८२/०८ /०४**

यस कार्यालयको मिति २०८२/०५/१७ गते राजधानी राष्ट्रिय दैनिकमा प्रकाशित बोलपत्र आह्वानको सुचना नं १/०८२/८३ अनुसार तपसिल बमोजिमका ठेक्काको प्राविधिक प्रस्तावहरु खोली सार्वजनिक खरिद ऐन, २०६३ को दफा २३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५९, ६०, ६२ र ६३ बमोजिम परीक्षण गरी योग्यताको सबै आधारमा सफल हुने देहाय बमोजिमका सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुका आर्थिक प्रस्ताव तपसिलको स्थान, मिति र समयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावलिको नियम ३१ (ङ) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

**तपशिलः**

| Contract No. | Description of work | Successful Bidders |
|---|---|---|
| BSKTM/01/337011324/082/83-01 | Bridge Maintenance and Safety Upgradation Work along Lamosangu-Jiri Highway | 1) M/s Jalap Nepal Pvt. Ltd., Bharatpur-8, Chitwan |
| **आर्थिक प्रस्ताव खोलिने मिति, समय र स्थानः २०८२/०८/११ गते दिनको १.०० बजे, पुल सेक्टर काठमाडौं** | | |

**योजना प्रमुख**